# गौरीगंगा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## चौमाला , कैलाली
## ७ नं. प्रदेश नेपाल

पत्र संख्या :- ०७५/०७६ मिति :- २०७५/०८/१९
चलानी नम्वर :-

लोटेहुवा तालमा माछा पालन तथा विक्री वितरण कार्यका लागि ठेक्का आह्वान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७५/०८/१९

रकम र सरकारी ठेक्का वन्दोबस्त ऐन २०२० को दफा ४ अनुसार यस नगरपालिको क्षेत्र भित्र वडा नं. १ मा रहेको लोटेहुवा तालमा माछा पालन तथा विक्री वितरण कार्यका लागि ठेक्का आह्वान गरी ५ वर्ष (२०७५ साल माघ देखी २०८० साल पौष मसान्तसम्म) का लागि ठेक्का लगाउनु पर्ने भएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ५ अनुसार ठेक्का आह्वान सम्वन्धी यो सूचना प्रकाशित गरिएको छ। उक्त तालमा माछा पालन तथा विक्री वितरण कार्यका लागि ठेक्का लिन ईच्छुक नेपाल सरकारवाट उक्त कार्यका लागि ईजाजत प्राप्त व्यक्ती,फर्म वा कम्पनीवाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी कोटेशन पेश गर्न यो ७ दिने सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | कर दस्तुर को बिवरण | न्युनतम ठेक्का अक | फारम दस्तुर | सुचनाकोअवधि |
|---|---|---|---|---|
| १ | प्राकृतिक श्रोत उपयोग कर लोटेहुवा तालमा माछा पालन तथा विक्री वितरण | रु १,००,०००। | रु.५००। | ७ दिन |

१ सिलवन्दी कोटेशन सम्वन्धी कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ७ औ दिन (२०७५/८/२५ ) सम्म कार्यालय समय भित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालय चौमालावाट फर्म दर्ता (नविकरण सहित) मु.अ.कर,स्थायी लेखा नं (प्यान) दर्ता र आ.व. ०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी राजस्व दस्तुर वाफत नगद रु ५००। (दस्तुर फिर्ता नहुने) बुझाई गौरीगंगा नगरकार्यपालिकाको कार्यालयको लेखा शाखावाट वोलपत्र खरिद गर्न सकिने छ।
२. खरिद गरेको कोटेशन ८ औ दिन (२०७५/८/२६ गते) को १२ बजे भित्र नगरकार्यपालिकाको कार्यालय चौमालामा दर्ता गर्नु पर्ने छ। र सोही दिन दिनको २ बजेबाट कोटेशन खोलीने छ।
३. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ११ अनुसार ठेक्का अवधि ( मिती २०७५ माघ १ गतेदेखी २०८० पौष मसान्त सम्म ) जम्मा ५ वर्षको हुने छ।
४. ठेक्का लिन चाहने ईच्छुक व्यक्तीले आफुले कवुल गरेको अँकको नेपाली नागरीक भए ५ प्रतिशत र गैर नेपाली नागरीक भए आफुले कवोल गरेको अकंको १० प्रतिशत रकम धरौटी राख्नु पर्ने छ।
५. कबुल रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ। अकं र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कार्यालयमा दर्ता भएको कोटेशन फिर्ता हुने छैन।
६. पेश भएका कोटेशन दर्ता भएको दिनको २ बजेबाट यस कार्यालमा कोटेशन पेश गर्ने वा निजको प्रतिनिधी तथा कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। सो समयमा कोटेशन दाता वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि कोटेशन खोल्न वाधा पर्ने छैन।
७. कोटेशन खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै नगरकार्यपालिकाको कार्यालय खुलेको दिन सोही समयानुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

८. रित पुर्वक दाखिला भएका कोटेशनहरु मध्ये घटी वा वढी वालाको कोटेशन स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने आदि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहने छ । साथै कुनै शर्त सहितको कोटेशन स्वीकार्य हुने छैन ।
९. ठेक्का कबुल गरेको रकम ठेक्का सम्झौता गर्ने ठेकेदारले प्रत्येक वर्षको पौष मसान्त भित्र आफुले कवोल गरेको अंकको रकमलाई ५ किस्तामानी हुन आउने प्रत्येक वर्षको किस्ता एकमुष्टरुपमा बुझाई मात्र आगामी वर्षको कार्य संञ्चालन गर्नु पर्ने छ । ठेकादारले सम्झौता समयमा ठेक्का अंक अनुसारको सम्पूर्ण ५ वर्षकै ठेक्का रकम एकमुष्ट बुझाएमा कबोल अंकको बढीमा १० प्रतिशतसम्म रकम निजलाई छुट दिन सकिने छ ।
१०. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्ने छ । कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिको कार्यालयले गरेको निणर्य अन्तिम हुनेछ ।
११. प्रचलीत नियमानुसार कालो सूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनिहरुको कोटेशन उपर कुनै कारबाही हुने छैन ।
१२. नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नभएका रसीदबाट कर संकलन गर्न पाइने छैन ।
१३. सूचनामा उल्लेख हुन नसकेका अन्य कुराहरुको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ । ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मध्ये कुनै किसीमको मिनाहको लागि दाबी गर्न पाइने छैन ।
१४. सूचनामा उल्लेखित भएको कुरा यसै अनुसार र नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
१५. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रने गरी,जैविक विविधतामा असर पर्ने गरी र वन , जलचर ऐन तथा पर्यावरण सर्म्वान्धि ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन र ताल जे जस्तो अवस्थामा छ सोही अवस्थामा माछा पालन तथा विक्री वितरण कार्य शुरु गर्नु पर्नेछ । नगरपालिकाबाट ताल मर्मत सम्भारका लागि वजेट निकासा हुने छैन ।
१६ यस सूचनाका विषयमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

२०७५।८।१९

वीर वहादुर शाही
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत